विद्यालय कोड नं. School Code No.: 160630009 स्थायी लेखा नं. PAN : 201302213

# श्री जनता माध्यमिक विद्यालय
# SHREE JANTA SECONDARY SCHOOL

बैरिया गुदीगाउँ, लहान-१०, सिरहा Bairiya Gudigau, Lahan-10, Siraha
मधेश प्रदेश, नेपाल Madhesh Province, Nepal
स्था.: वि.सं.२०१७ (Estd.: 2017 B.S.)
सम्पर्क नं.Contact No.: 033590754, 9761942929 Email Address: jantasecondaryschool2017@gmail.com

पत्र संख्या (Lett. No.): ०८३/८४
चलानी नं. (Ref. No.): १४
मिति (Date): २०८३/०५/१०

**विषय : सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा।**

श्री सम्बन्धित सबै।

प्रस्तुत विषयमा लहान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लहान सिरहाको च.नं ५७८ मिति २०८३/०५/०८ गतेको सरुवा विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/२२ गतेको निणर्यानुसार प्राथमिक तह तृतीय श्रेणी एकिकृत बिषयको स्वीकृत दरबन्दी १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ (दशौ संशोधन, २०८३) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दीमा शिक्षक सरुवा मार्फत पदपुर्ति गर्नुपर्ने भएकोले प्राथमिक तह, तृतीय श्रेणीको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिन (२०८३/०५/२४ गतेसम्म विद्यालय समय भित्र) सरुवा सहमतिका लागि देहायका पेश गर्नुपर्ने कागजात सहित स्वयम् उपस्थिति भइ वा विद्यालयको इमेल ठेगाना jantasecondaryschool2017@gmail.com मार्फत पठाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ।

श्री विज्ञप्ति आवश्यक कार्यार्थ 2083/05/10

शिक्षा विकास तथा समन्वय एकाइ
दर्ता नं. १४०
दर्ता मिति २०८३/०५/१८

**पेश गर्नुपर्ने कागजातहरू:**

१. सरुवाको लागि निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात।
४. स्थायी/ अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
५. यस अघि सरुवा भएका शिक्षकका हकमा सरुवा र रमाना पत्रको प्रतिलिपि।
६. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।
७. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
८. असाधारण तथा वेतलवी विदा लिए/नलिएको सम्बन्धित कागजात।
९. विद्यालयको सहमति पत्र (विद्यालय व्यवस्थापन समितिको सरुवा सहमति प्रदान गरेको निर्णयको प्रमाणित प्रतिलिपि सहित)।
१०. सम्बन्धित स्थानीय तह र जिल्ला बाहिरबाट भएमा सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र।
११. शिक्षा नियमावली (दशौ संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्न प्रमाण/कागजात (आवश्यक भएमा)।
१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको प्रमाणित फाराम।

उक्त अवधि भित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली २०५९ (दशौ संशोधन, २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रकृया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि सम्पर्क नं. प्रधानाध्यापक: ९८४२८२४७५४

2083/05/10
प्रधानाध्यापक

देवान लाल यादव
प्रधानाध्यापक
श्री ज.मा.वि.बैरिया गुदिगाउँ
लहान-१०, सिरहा

बोधार्थ
१. श्री शिक्षा विकास तथा समन्वय इकाई, सिरहा। (जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि)
२. श्री लहान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लहान, सिरहा। (जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि)

CamScanner